# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
**Dipayal Silgadhi Municipality**
**Office of the Municipal Executive, Doti**

☎ - ४२००९०
- ४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- ०७८/०७९
च.नं. :-

### विषय :- दरभाउ-पत्र आब्हान

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/०६ ग

स्थानीय सरकार संचालन ऐन,२०७४ (परिन्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र) दफा ६०,६१ र दफा ६४ को उप दफा (ग)र (च) मा व्यवस्थ भए वमोजिम र निम्न अनुसारका दररेट कायम हुने गरी दिपायल सिलगढी नगरपालिका कार्यालयको क्षेत्राधिकार भित्र पर्ने निम्न अनुसारका आयशिर्षकम आ.व.०७८/०७९ को जेष्ट मसान्त सम्मका लागि यस कार्यालयको मिति २०७८/०५/२१ गते प्रथम पटक सूचना प्रकाशन गर्दा समय भित्र कुनै पनि फर्महरुव दरभाउ पत्र पेश नगरेकोले निम्न बमोजिम सिलवन्दी /दरभाउ पत्र वढावढद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले देहायमा उल्लेखित प्रकृया तथा शर्तह वमोजिम सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन ईच्छुक सम्वन्धित सवैको जानकारीको लागि पुन: ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठे.नं. | ठेक्का लगाईने योजनाको नाम | न्यूनतम ठेक्काअंक (मू.अ.क.वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ४ २०७८/०७९ | ढुङ्गा,गिट्टी र वालुवा निकासी (दाङ,गोदरे खोला,घोलताडा,मटेला र वालासैन क्षेत्र) | १७५५७४८।१२५ (मू.अ.क.वाहेक) (प्रतिघनमिटर रु ७५ मु.अ.क. वाहेक) | दरभाउ-पत्र |

**शिलवन्दी/दरभाउ पत्र पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु तथा पालना गर्नु पर्ने शर्तहरु :-**

(१) ठेक्का लिन इच्छुक व्यक्ति/फर्मले सूचना प्रकाशित मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र दि.सि.न.पा.को कार्यालय वाट रु १०००।- फिर्ता नहुने गरी दरभाउ पत्र टेण्डर फाराम खरिद गर्न सकिनेछ।

(२) दरभाउपत्र खरीद गर्दा इजाजत पत्रको प्रमाणित प्रतिलिपी, करचुक्ता प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र सहित निवेदन पेश गर्नु पर्नेछ।

(३) यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिउसो १२.०० वजे भित्र दि.सि.न.पा.कार्यालय डोटीमा आफूले कवोल गरेको अंकको ५% रकम धरौटी रा.वा.बैंक डोटी शाखामा यस कार्यालयको ग ४१००१००३०३००००४ खातामा जम्मा गरेको भौचर वा नगदराखी शिलवन्दी /दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ। र दर्ता हुन आएका सिलवन्दी /दरभाउ पत्र सोही दिनको २.०० वजे सम्वन्धित व्यक्ति/फर्म/ प्रतिनिधीहरुको रोहवरमा खोलीने छ साथै सम्वन्धित व्यक्ति वा फर्मको प्रोपराईटर अनुपस्थित रहेमा शिलवन्दी दरभाउ पत्र खोल्न कार्यालय लाई वाधा पर्ने छैन।

(४) शिलवन्दी / दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो सम्वन्धी कार्य कार्यालय खुलेका दिनमा हुने छ।

(५) ठेक्का सदर भई सकेपछि सम्झौता गर्दाका वखत आफूले कवोल गरेको कुल रकम एकमुष्ट बुझाउन सक्नेछ। एकमुष्ट बुझाउन नसक्नेको हकमा ५०%रकम पहिलो किस्ता वापत सम्झौता गर्दा जम्मा गर्नुपर्ने छ र दोश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ र दोस्रो किस्ताको हकमा यस कार्यालयको नाममा २०७८ साल चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र समेत पेश गर्नु पर्नेछ।

(६) स्वीकृत फर्मको धरौटी रकम फिर्ता गर्न यस कार्यालयमा बुझाउनु पर्ने सम्पुर्ण रकम बुझाए पछी कर चुक्ता प्रमाण पत्र यस कार्यालयमा पेश गरेमा मात्र फिर्ता गरिने छ।

(७) शिलवन्दी / दरभाउ पत्र पेश गर्दा खाम वाहिर स्पष्ट वुझिने गरी ठेक्का कार्यको नाम उल्लेख गरेको हुनु पर्नेछ।

(८) शिलवन्दी /दरभाउ पत्रमा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(९) ठेक्का वन्दोवस्त हुने विषयमा उठाउन पाईने करका दरहरु यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

(१०)फर्मले वुझाउनु पर्ने सम्पूर्ण करहरु कवोल गर्ने फर्मले वुझाउनु पर्नेछ।

(११)शुल्क उठाउने ३ प्रति भएको रसिद कार्यालयमा ल्याई उक्त रसिदको सि.नं. कार्यालयमा दाखिला गराई कार्यालय प्रमुखवाट प्रमाणित गराएर मात्र कर दस्तुर को लागि उक्त रसिद प्रयोगमा ल्याउनु पर्नेछ।

(१२)ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

(१३) सम्मानित अदालत, नेपाल सरकार, दि.सि.न.पा.कार्यालय वाट हुने निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु व्यक्ति फर्मको कर्तव्य एंव दायित्व हुनेछ। निति निर्देशन वा आदेशको पालनाको कारणवाट कुनै हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी व्यक्ति फर्मले दि.सि.न.पा.संग गर्न पाउने छैन।

(१४)यस विषयमा थप जानकारी चाहिएमा दि.सि.न.पा.कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

(१५)अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

(१६)प्रयोगमा ल्याईएका रसीद ठेलीहरु ठेक्का सम्झौताको अवधि समाप्त भएको १ (एक)हप्ता भित्र कार्यालयमा वुझाउनु पर्नेछ।

खेमराज गुरुङ
नि.प्रमुख प्रशासकिय अधिकृत